बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

नेपाल सम्वत् ११४६

## सेवा करारमा शिक्षक पदपूर्ती गर्ने सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित सूचना नः- १५/२०८३-०८४ मिति २०८३/०४/११**

बाह्रदशी गाउँपालिकाको सूचना नम्बर १४३ मिति २०८३/०३/२६ मा प्रकाशित सूचना अनुसार माध्यमिक तह गणित विषय शिक्षक पदममा ( वि.न. २२/२०८२-०८३) कुनै पनि निवेदन नपरेकोले पुन तपसिलका पदमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्धारा शिक्षक सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:-**

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | विषय | तह/श्रेणी | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | ०२/२०८३-८४ | खुला | शिक्षक | गणित | माध्यमिक/ तृतीय | १ (एक) | १२००।०० |

क. **परीक्षा किसिम:-** लिखित (सामान्य र विषयगत) र अन्तर्वार्ता

ख. **परीक्षा मिति:-** अर्को सूचनाद्धारा तय गरिनेछ ।

ग. **परीक्षा केन्द्र:-** बाह्रदशी गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयले तोकेको स्थान।

घ. **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजश्व पोर्टल मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ ।

राजस्व खाताको विवरण

कार्यालय कोड:८०११२५०५००१
राजस्व शिर्षक: १४२२४
राजस्व शिर्षकको नाम:परीक्षा शुल्क
बैकं खाता नं:०८३००८७०५००००११३
खाताको नाम:आन्तरिक राजस्व खाता
खाता रहेको बैंक: माछापुच्छ्रे बैंक

ङ. **दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म ।(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

च. **दरखास्त दिने अन्तिम मिति:** मिति २०८३।०४।२५ गते कार्यालय समय भित्र ।

छ. **उम्मेद्धारको उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

ज. **तलब/पारिश्रमिक:-** गाउँ कार्यपालिकाको नियामानुसार हुनेछ ।

झ. **आवश्यक न्यूनतम योग्यता**

१. **माध्यमिक तहको शिक्षक पदको लागि**

क. नेपाली नागरिक ।

ख. शिक्षक सेवा आयोगको नियामावकी ( संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।

ग. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह परीक्षामा ( कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण भएको ।

घ. माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको

०८३/०४/११
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
Scanned with CamScanner

**दरखास्त फाराम पाइने स्थानः-** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयको वेबसाईट www.bahradashimun.gov.np मा गई करार सेवा पदको लागि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ।

**ञ. दरखास्त फाराम बुझाउने स्थानः** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा vacancy.bahradashirm@gmail.com मा बुझाउन सकिनेछ।

**ट. दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरु ।

**ठ. विस्तृत जानकारीको लागि:-** सम्पर्क नं. ९८४९८९८४१२

द्रष्टव्य

(क) कार्यालयद्धारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: शिक्षक सेवा आयोग बमोजिम हुनेछ।

(ङ) सामान्य परीक्षामा उत्तीर्ण उम्मेदवारलाई मात्र विषयगत परीक्षामा समावेश गरिनेछ।

०८१/०४/११

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
Scanned with CamScanner